# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं. प्रदेश, नेपाल

प. सं. : २०७६/७७
च. नं. : ३८१

बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं. प्रदेश, नेपाल
२०७३

मिति : २०७६।०६।३०

विषय : प्रस्ताव आह्वानको सूचना ।

श्री १ देखि १३ नं.वडा कार्यालयहरु
बेलकोटगढी नगरपालिका
नुवाकोट ।

भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नुवाकोटको आ.व. २०७६।७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार (नुवाकोट र रसुवा) कार्यक्रम संचालनको लागि मिति २०७६।६।३० गते प्राप्त प्रकाशित सूचना यसैसाथ संलग्न गरी पठाइएको छ । त्यस वडा भित्रका कार्यक्रम संचालन गर्न इच्छुक साझेदार संस्थाहरुलाई सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ढुङगे, नुवाकोटमा थप जानकारीको लागि फोन नं. ०१०-५०६००१२, dlsonuwakot12@gmail.com) प्रस्ताव पेश गर्नको लागि आवश्यक जानकारी, सहयोग र समवन्य गरि दिनुहुन आदेशानुसार अनुरोध छ

(छबि लाल शर्मा)
कृषि विकास अधिकृत आठौं

वोधार्थ :
श्री भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
ढुङगे, नुवाकोट ।

प्रदेश सरकार
३ नं. प्रदेश
भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

नुवाकोट
प्रथम पटक प्रकाशित मिति २०७६/०६/३०

## प्रस्ताव आह्वानको सूचना

यस केन्द्रको आर्थिक वर्ष २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रम रहेकोले कार्यान्वयनमा सहभागी हुन इच्छुक नुवाकोट र रसुवा जिल्लाका साझेदार संस्थाहरुबाट यो सूचना प्रकाशित मितिले ३० दिन भित्र अनुसूची २ मा उल्लेख भएको कागजातहरु सहित आवेदन पत्र, अनुसूची ३ बमोजिम लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र, अनुसूची ४ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्तावका साथ आवश्यक कागजातहरु संलग्न गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नुवाकोटमा प्रस्ताव पत्र पेश गर्नु हुन सूचित गरीन्छ । रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रकियामा समावेश गरिने छैन । थप जानकारीको लागि यस विज्ञ केन्द्रमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

| क्र.सं | कार्यक्रम/क्रियाकलाप | परिमाण इकाई | प्रति इकाई अनुदान रु. हजारमा | अनुदानको किसिम | साझेदार संस्था | अनुदान संचालन गर्न सकिने कार्यहरु | संचालन हुने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | पशुपालक कृषकहरुलाई पशु आहारा (टि.एम.आर/पेलेटफिड ब्लक/ साईलेज खरिद) मा ५० प्रतिशत अनुदान | १ पटक | ५०० | बढीमा ५ लाख वा लागतको ५० प्रतिशत नबढ्ने गरी | समूह/समिति/ सहकारी/निजी क्षेत्र | टि.एम.आर/पेलेट फिड ब्लक/साइलेज खरिद | नुवाकोट, रसुवा |
| २. | पशुपंक्षी गोठ-खोर /मत्स्य पोखरी सुधारमा अनुदान | १८ संख्या | २०० | बढीमा २ लाख वा लागतको ५० प्रतिशत नबढ्ने गरी | समुह/समिति/ सहकारी/निजी क्षेत्र | खोर/गोठ सुधार निर्माण/ काउ म्याट तथा पोखरी सुधार/एरिएटर | नुवाकोट, रसुवा |
| ३. | पशुपंक्षी नमुना फार्म विकास तथा विस्तार कार्यक्रममा अनुदान | संख्या १ | १५०० | बढीमा १५ लाख वा लागतको ५० प्रतिशत नबढ्ने गरी | समुह/समिति/ सहकारी/निजी क्षेत्र | गोठ सुधार निर्माण/ काउ म्याट/मेशिनरी औजार/आहारा विकास तथा अन्य | नुवाकोट, रसुवा |
| ४. | व्यवसायिक गाई/भैंसी पालन प्रवर्द्धन गोठ निर्माणमा अनुदान | संख्या २ | १५०० | बढीमा १५ लाख वा लागतको ५० प्रतिशत नबढ्ने गरी | समुह/समिति/ सहकारी/निजी क्षेत्र | गोठ सुधार निर्माण/ काउ म्याट/मेशिनरी औजार | नुवाकोट, रसुवा |
| ५. | व्यवसायिक बाख्रापालन प्रवर्द्धन खोर निर्माणमा अनुदान | संख्या ६ | १००० | बढीमा १० लाख वा लागतको ५० प्रतिशत नबढ्ने गरी | समुह/समिति/ सहकारी/निजी क्षेत्र | खोर सुधार निर्माण/ मेशिनरी औजार तथा अन्य | नुवाकोट, रसुवा |
| ६. | व्यवसायिक भेँडा प्रवर्द्धन कार्यक्रम | संख्या २ | ५०० | बढीमा ५ लाख वा लागतको ५० प्रतिशत नबढ्ने गरी | समुह/समिति/ सहकारी/निजी क्षेत्र | खोर सुधार निर्माण/थुमा खरिद/आहारा व्यवस्थापन/मेशिनरी औजार तथा अन्य | नुवाकोट, रसुवा |

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,**
**नुवाकोट**